# केही नेपाल ऐन (संशोधन) ऐन, २०४३ द्वारा हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार, काठमाडौं

# <u>केही नेपाल ऐन (संशोधन) ऐन, २०४३</u>

<u>लालमोहर र प्रकाशन मिति</u>
२०४३।७।२४

२०४३ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

<u>केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> केही नेपाल ऐनहरुलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव</u>बाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो ऐनको नाम "केही नेपाल ऐन (संशोधन) ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

.......................................................................

५. <u>हातहतियार खरखजाना ऐन, २०१९ मा दफा ५क. थपः</u> हातहतियार खरखजाना ऐन, २०१९ को दफा ५ पछि देहायको दफा ५क. थपिएको छः-

"५क. <u>निर्वाचन अवधिमा हातहतियार लिएर हिड्न मनाहीः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा ९ वा स्थानीय पञ्चायत (निर्वाचन कार्यविधि) ऐन, २०२५ को दफा ६ बमोजिम उम्मेदवारको लागि दरखास्त दिने मिति देखि निर्वाचनको परिणाम घोषणा भएको सात दिनसम्मको अवधिभर सुरक्षा सम्बन्धी सरकारी कर्मचारी बाहेक अरु कसैले निर्वाचन क्षेत्रमा इजाजतपत्र प्राप्त हातहतियार पनि लिई हिड्न हुँदैन ।

(२) कसैले उपदफा (१) को बर्खिलाप हातहतियार लिई हिडेमा इजाजतपत्र नभएको हातहतियार लिएर हिंडेको सरह मानी निजलाई दफा ५ बमोजिम कारवाई हुनेछ ।"

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय